स्वीकृत मिति:- २०८२/०६/२६

# कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२

**प्रस्तावना**: कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**: (१) यस कार्यविधिको नाम कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

२. **कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा संशोधन**: कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. **अनुदान व्यवस्थापन तथा प्राविधिक समिति**: (१) निर्देशनालयमा देहाय बमोजिमको अनुदान व्यस्थापन तथा प्राविधिक समिति रहनेछः-

(क) प्रमुख वा महानिर्देशक, सम्बन्धित निर्देशनालय - संयोजक

(ख) प्रमुख वा अधिकृत प्रतिनिधि, कृषि वा पशुपन्छी हेर्ने निर्देशनालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, कृषि अनुसन्धान निर्देशनालय -सदस्य

(घ) प्रतिनिधि, कृषि अध्ययन संस्थान वा प्राविधिक विद्यालय (प्रतिनिधि छनोट गर्दा प्रस्तावक भन्दा बाहिरको प्रतिनिधि हुनुपर्ने) -सदस्य

(ङ) सम्बन्धित कार्यक्रम हेर्ने अधिकृत, निर्देशनालय -सदस्य-सचिव"

३. **मूल कार्यविधिको दफा ७ मा संशोधन**: मूल कार्यविधिको दफा ७ को उपदफा (१) मा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "निर्देशनालय" भन्ने शब्द राखिएको छ ।

४. **मूल कार्यविधिको दफा ८ मा संशोधन**: मूल कार्यविधिको दफा ८ को उपदफा (१) र (३) मा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "निर्देशनालय" भन्ने शब्द राखिएको छ ।

५. **मूल कार्यविधिको दफा ९ मा संशोधन**: मूल कार्यविधिको दफा ९ को उपदफा (१) मा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "निर्देशनालय" भन्ने शब्द राखिएको छ ।

शंकर साह
प्रदेश सचिव



CamScanner